# जिल्ला समन्वय समितिको कार्यालय
# धनकुटा

फोन नं. ०२६-५२२-१२३,१२४,१२५,७९१
इमेल:ddc.dhankuta.mofald@gmail.com

कोशी प्रदेश, नेपाल

मिति :२०८२/०४/१३

प.सं : २०८२/८३
च.नं. : ५

**विषय : २०८२ बैशाख, जेठ र असार महिनामा सम्पादित क्रियाकलाप विवरण पठाइएको ।**

श्री राष्ट्रिय सूचना आयोग
नयाँवानेश्वर, काठमाण्डौं ।

प्रस्तुत विषयमा मिति २०८२ बैशाख, जेठ र असार महिनामा यस जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाबाट सम्पादन भएका क्रियाकलापहरुको विवरण सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरी यसै पत्रासाथ संलग्न राखी ताहाँ पठाइएको व्यहोरा अनुरोध छ ।

(हरिप्रसाद अधिकारी)
जिल्ला समन्वय अधिकारी
जिल्ला समन्वय अधिकारी

**बोधार्थ**
श्री जिल्ला प्रशासन कार्यालय, धनकुटा ।

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८२ साल बैशाख, जेठ र असार महिनामा सम्पादित क्रियाकलाप विवरण

जिल्ला समन्वय समितिको कार्यालय, धनकुटा

२०८२।०४।१३
(सूचना अधिकारी)

## जिल्ला समन्वय समितिको परिचय

नेपालको संविधानको धारा २२० मा व्यवस्था भए वमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा जिल्ला सभा ऐन, २०७५ मा भएको कानुनी व्यवस्था अनुरुप जिल्ला सभा तथा जिल्ला समन्वय समिति गठन भइ सञ्चालनमा रही आएको छ ।

### १. जिल्ला सभा र जिल्ला समन्वय समिति (नेपालको संविधान धारा २२० वमोजिम)

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बिच समन्वय गर्न एक जिल्ला सभा रहने,
- जिल्ला सभामा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहने,
- जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा ३ जना महिला र १ जना दलित वा अल्पसंख्यक सहित बढीमा ९ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने,
- सम्वन्धित जिल्ला भित्रको गाउँ सभा र नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको उमेद्वार हुने

### २. जिल्ला सभाको काम कर्तव्य र अधिकार

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने, सो को अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय, प्रदेश सरकारी कार्यालय तथा गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने,

### ३. स्थानीय सरकार सञ्चालन ऐन अनुसार जिल्ला सभा र जिल्ला समन्वय समितिका काम, कर्तब्य र अधिकार

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९२ अनुसार प्रदेश कानुनले अन्यथा ब्यवस्था नगरेसम्मको लागि नेपालको संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको ।

क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबीचको विकास निर्माणका विषय पहिचान गर्न तथा ब्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

ख) जिल्लाभित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माणसम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा ब्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत वा पर्यावरणिय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,

ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागि समन्वय तथा सहजिकरण गर्ने,

च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद ब्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,

झ) आफ्नो काम कारवाहीको सम्वन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी वनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्त्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

**४. जिल्ला सभा ऐन, २०७५ अनुसार जिल्ला सभाका काम, कर्तव्य र अधिकारहरुः-**

- नेपालको संविधान र यो ऐन बमोजिम जिल्ला सभाले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितिले गर्नेछ भनि जिल्ला सभा ऐन, २०७५ को दफा ६ मा व्यवस्था भए अनुसार जिल्ला सभा तथा जिल्ला समन्वय समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्।

-ऐनको दफा ३ बमोजिमका काम, कर्तव्य र अधिकारहरुः-

नेपालको संविधानको धारा २२० को उपधारा (७) का अतिरिक्त जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) विकास कार्यमा समन्वय

ख) अनुगमन कार्य

ग) सूचना तथ्याङ्क तथा अभिलेख व्यवस्थापन कार्य

घ) क्षमता विकास कार्य

ङ) व्यवस्थापन कार्य

च) प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य

छ) भाषा, कला र संस्कृति संरक्षण तथा प्रवर्द्धनसम्बन्धी कार्य

-ऐनको दफा ४ बमोजिमका अन्य कार्य अन्तर्गत जिल्ला सभाले आफ्नो जिल्लामा भएका पूर्वाधार विकास तथा सेवा प्रवाहका सम्बन्धमा अनियमित ढंगले काम गरेको पाइएमा सम्बन्धित निकायलाई आवश्यक कारवाहीको लागि सिफारिस गर्न सक्नेछ र त्यस्तो निकायले यसरी सिफारिस भई आएको विषयमा तत्काल जाँचबुझ गरी आवश्यक कारवाही अगाडी बढाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित जिल्ला समन्वय समितिलाई दिनुपर्नेछ भन्ने व्यवस्था रहेको।

**५. जिल्ला समन्वय समितिको पदाधिकारी विवरणः**

जिल्ला समन्वय समिति प्रमुख - १

जिल्ला समन्वय समिति उपप्रमुख - १


जिल्ला समन्वय समिति सदस्य - ७

जम्मा - ९ जना

## ६. जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको दरबन्दी तथा हाल कार्यरत विवरण:

| क्र.सं. | पद | श्रेणी | सेवा | समुह | दरबन्दी संख्या | पदपूर्तिको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ३ | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | सिभिल | १ | १ | |
| ४ | नायव सुव्वा | रा.प.अन.प्रथम | प्रशासन | सा.प्र. | १ | १ | |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ६ | सव इन्जिनियर | रा.प.अन.प्रथम | इन्जि. | सिभिल | १ | १ | |
| ७ | खरिदार | रा.प.अन.द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | ३ | २ | करार |
| ९ | ह.स.चा. | श्रेणीविहिन | | | २ | २ | करार |
| जम्मा | | | | | १२ | ११ | |
| १० | नायव सुव्वा | रा.प.अन.प्रथम | | | १ | १ | करार (प्रमुखज्यूको निजी सचिवालयमा) |
| ११ | लेखापाल | सहायकस्तर पाँचौं | प्रशासन | लेखा | | १ | अस्थायी |
| १२ | चौकीदार (सुरक्षा गार्ड) | श्रेणीविहिन | | | | १ | करार |
| १३ | सरसफाईकर्मी | | | | | १ | करार |

### ७. जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको संगठन संरचना:



८. ऐन, नियम र निर्देशिकाहरुको विवरण:

नेपालको संविधानको अतिरिक्त हाल सम्म जिल्ला सभा तथा जिल्ला समन्वय समितिलाई देहाय बमोजिम ऐन नियम र निर्देशिकाहरुले निर्देशित गरेको छ ।

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
ख) जिल्ला सभा ऐन, २०७५
ग) जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५
घ) जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५

उपरोक्त ऐन नियमका अतिरिक्त नेपाल सरकार एवं प्रदेश सरकारद्वारा जारी भएका ऐन नियमहरु कार्यान्वयन गर्नु यस कार्यालयको दायित्त्व रहेको छ ।

९. मुख्य मुख्य क्रियाकलाप विवरण:

क) श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जिल्ला समन्वय समितिका शाखा अधिकृतलाई श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको फोकल पर्सन (सम्पर्क व्यक्ति) तोकिएको र श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट आ.व. २०८१/०८२ मा यस जिल्लास्थित स्थानीय तहमा रहेका महिला तथा बालबालिका/सामाजिक विकास शाखाको अनुगमन गर्नका लागि आवश्यक बजेट तथा कार्यक्रम प्राप्त भएको र सो अनुगमन गर्ने क्रममा जिल्ला समन्वय समितिको मिति २०८२/०२/१४ गतेको बैठकबाट मिति २०८२ ज्येष्ठ मसान्तसम्ममा जिल्लास्थित सातवटै स्थानीय तहका महिला तथा बालबालिका शाखाको अनुगमन कार्य सम्पन्न गर्ने निर्णय भए अनुसार यस जिल्ला समन्वय समितिबाट प्रमुखज्यू, उपप्रमुखज्यू, सदस्यज्यू एवम् कर्मचारीहरुबाट मिति २०८२ ज्येष्ठ मसान्तभित्रमा जिल्लास्थित सातवटै स्थानीय तहका महिला तथा बालबालिका शाखाको अनुगमन कार्य सम्पन्न गरिएको र अनुगमन पश्चात यस जिल्ला समन्वय समितिको कार्यालयबाट तयार पारिएको अनुगमन प्रतिवेदन श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पेश गरिएको साथै सो प्रतिवेदन कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र यस जिल्लाका सातवटै स्थानीय तहमा समेत पठाइएको छ ।

ख) श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मन्त्रालयको च.नं. ज्ये.ना.सं.शा./९८ मिति २०८२/०२/०२ को प्राप्त पत्रानुसार मन्त्रालयले आश्रय/वृद्धाश्रम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र/मिलन केन्द्रको विवरण अध्यावधिक गर्ने प्रयोजनार्थ यस जिल्लाभरि रहेका आश्रय/वृद्धाश्रम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र/मिलन केन्द्रका विवरण उपलब्ध गराइदिनुहुन भनि लेखी आएको हुँदा यस कार्यालयबाट जिल्लास्थित सबै स्थानीय तह तथा ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको समन्वयमा यस जिल्लाभित्र अवस्थित रहेका आश्रय/वृद्धाश्रम/ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र/मिलन केन्द्रको विवरण संकलन गरी पठाइएको छ ।

ग) मिति २०८२/०१/०८ गतेका दिन जिल्ला समन्वय समितिका प्रमुखज्यू, उपप्रमुखज्यू, धनकुटा नगरपालिकाका उपप्रमुखज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, नि. जिल्ला समन्वय अधिकारीज्यू, धनकुटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षकज्यू, सशस्त्र प्रहरी बल, ६ नं गुल्म हे.क्वा.का प्रहरी नायव उपरिक्षकज्यू, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका प्रमुखज्यू, सम्बन्धित वडाका वडाध्यक्षज्यूहरु,जिल्ला समन्वय समितिका इन्जिनियर तथा अन्य कर्मचारीहरुका साथै निर्माण कम्पनीका प्रमुख तथा सम्बन्धित प्राविधिक टोलीबाट धनकुटा जिल्ला धनकुटा नगरपालिका वडा नं. १ र २ स्थित निर्माणाधिन हिले-मधुगंगा सडकको स्थलगत अनुगमन गरि सम्बन्धित ठेकेदार कम्पनीलाई गुणस्तरीय रुपमा समयमै सडक निर्माण कार्य सम्पन्न गर्नका लागि सुझाव प्रदान गरिएको साथै धनकुटा नगरपालिकालाई सडकको गुणस्तर खस्किन नदिन तथा समयमै निर्माण कार्य सम्पन्न गर्नका लागि आवश्यक सहजीकरण गर्नका लागि सुझाव समेत प्रदान गरिएको छ ।

घ) मिति २०८२/०१/०८ गतेकै दिन जिल्ला समन्वय समितिका प्रमुखज्यू, उपप्रमुखज्यू, छथर जोरपाटी गाउँपालिकाका अध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, नि. जिल्ला समन्वय अधिकारीज्यू, छथर जोरपाटी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षकज्यू, सशस्त्र प्रहरी बल, ६ नं गुल्म हे.क्वा.का प्रहरी नायव उपरिक्षकज्यू, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका प्रमुखज्यू, जिल्ला समन्वय समितिका इन्जिनियर तथा अन्य कर्मचारीहरुका साथै छथर जोरपाटी गाउँपालिकाका प्राविधिक

तथा अन्य कर्मचारीहरुका साथै स्थानीय बासीहरु समेतको उपस्थितिमा धनकुटा जिल्ला छथर जोरपाटी गाउँपालिका वडा नं. १ स्थित निर्माणाधिन त्रिशुले-जितपुर सडक खण्डको त्रिशुले हात्तीखर्कसम्मको स्थानमा स्तरोन्नती (पिच) भइरहेको सडकको स्थलगत अनुगमन गरि सम्बन्धित ठेकेदारलाई गुणस्तरीय रुपमा स्तरोन्नती (पिच) गर्ने गर्नका लागि सुझाव प्रदान गरिएको साथै छथर जोरपाटी गाउँपालिकालाई सडकको गुणस्तर खस्किन नदिनका लागि आवश्यक सहजीकरण गर्नका लागि सुझाव समेत प्रदान गरिएको छ ।

ङ) श्री राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय, विराटनगरको च.नं. १७६ मिति २०८२/०१/२२ को पत्रमार्फत मानव अधिकार परिषद्को विश्वव्यापी आवधिक पुनरावलोकन (तेश्रोचक्र) बाट प्राप्त सिफारिसको कार्यान्वयन कार्ययोजना (२०७८-२०८२) कार्यान्वयनको लागि भएका प्रगति र कार्य विवरण हाल जे जुन अवस्थामा छ सोही व्यहोरा उल्लेख गरी कार्ययोजनाहरुको कार्यान्वयन अवस्थाको प्रगति विवरण उपलब्ध गराइदिनुहुन भनि लेखी आएको सन्दर्भमा उक्त विवरण पठाउने प्रयोजनका लागि यस कार्यालयबाट जिल्लास्थित सातवटै पालिकामा पत्राचार गरी एवम् पालिकाहरुमा यस जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारी उपस्थित समेत भई उक्त कार्ययोजना कार्यान्वयनको अवस्था सम्बन्धी विवरण संकलन गरी राष्ट्रिय मानव अधिकार आयोगको कोशी प्रदेश कार्यालय, विराटनगर पठाइएको साथै उक्त कार्ययोजना कार्यान्वयनमा सम्बन्धमा कतिपय पालिकामा भएको द्विविधा निवारणका लागि यस जिल्लास्थित स्थानीय तहका लागि अभिमुखीकरणको व्यवस्था मिलाइदिनुहुन भनि आयोग समक्ष माग समेत गरिएको छ ।

च) श्री राष्ट्रिय समावेशी आयोग,पुल्चोक, ललितपुर च.नं. ८९ मिति २०८१/०८/१९ को पत्रानुसार यस जिल्ला अन्तरगत खस आर्य (ब्राम्हण,क्षेत्री, ठकुरी, दशनामी) हरुले पूजा गर्ने मुख्य देवी/देवताहरुका नाम, उनीहरुले मनाउने चाडपर्वहरु र धर्म संस्कृतिहरुको विवरण जिल्ला समन्वय समितिको बैठक बसी सरकारी कामकाज सम्झेर यस राष्ट्रिय समावेशी आयोग पुल्चोक, ललितपुरमा पठाइदिनुहुन भनि लेखी आएकोले उक्त विवरण आयोगमा पठाउने सन्दर्भमा जिल्ला समन्वय समितिको मिति २०८१/१०/२२ को बैठकबाट उक्त विषयसँग सम्बन्धित विज्ञहरु धनकुटा बहुमुखी क्याम्पसका पूर्व क्याम्पस प्रमुख प्रा. डा. गोपालबहादुर भट्टराई, पूर्व जिल्ला शिक्षा अधिकारी श्री दामोदर दाहाल र धनकुटा बहुमुखी क्याम्पसका उपप्राध्यापक श्री जनार्दन घिमिरेसँग माग गर्ने निर्णय भएको जिल्ला समन्वय समितिको कार्यालयबाट माग भए अनुसार विज्ञहरुबाट विभिन्न मितिमा यस कार्यालयलाई विवरण उपलब्ध गराउनुभएको हुँदा जिल्ला समन्वय समितिको मिति २०८२/०२/१४ गतेको बैठकबाट आवश्यक निर्णय गरी उक्त विवरण श्री राष्ट्रिय समावेशी आयोग, पुल्चोक ललितपुर पठाइएको छ ।

छ) जिल्ला समन्वय समितिका प्रमुखज्यूको संयोजकत्त्वमा जिल्लास्थित सम्पूर्ण सरकारी कार्यालयहरु, विभिन्न संघ संस्थाहरु, राजनैतिक दलहरु, नागरिक समाज, बुद्धिजिवी लगायत सम्पूर्ण सरोकारवालाहरुको उपस्थितिमा गणतन्त्र दिवस, २०८२ लाई सभ्य एवम् भव्य रुपमा मनाइयो ।

ज) सडक बोर्ड नेपालबाट आ.व. २०७३/७४ मा सडक मर्मत सम्भार गर्ने प्रयोजनार्थ यस कार्यालयका नामा निकासा रकम रु. ३६,६०,६४१।- मध्ये हालसम्म पेश्कीको रुपमा कायम भइरहेको (फछ्यौंट गर्न बाँकी) २,३७,२५८।- रकम फछ्यौंट गरिएको छ ।

झ) जिल्ला समन्वय समितिबाट हुने अनुगमन तथा समन्वयका कार्यहरु नियमित रुपमा भइरहेको ।

१०. आम्दानी, खर्च तथा तथा आर्थिक कारोवार सम्बन्धि विवरणः

आ.व. २०८१/८२ मा यस कार्यालयलाई संघीय सरकारबाट देहाय बमोजिम बजेट प्राप्त भइ खर्च भएको छ ।

**क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त बजेटको खर्च विवरणः**

| क्र.सं. | खर्च शीर्षक | प्राप्त बजेट | २०८२ असार मसान्तसम्मको खर्च |
|---|---|---|---|
| १ | पारिश्रमिक (स्वीकृत दरबन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा) | १,०१,११,०००।०० | १,०१,११,०००।०० |
| २ | नीजि सचिवालय करार कर्मचारी | ४,४८,०००।०० | ४,४८,०००।०० |
| ३ | पानी तथा विजुली, सञ्चार महशुल लगायत अन्य अनिवार्य दायित्त्व खर्च | ३१,०४,०००।०० | ३१,०४,०००।०० |
| ४ | कार्यक्रम खर्च (समीक्षा बैठक सहित) | ३,८८,०००।०० | ३,८८,०००।०० |
| ५ | अनुगमन तथा भ्रमण खर्च | ८,७३,०००।०० | ८,७३,०००।०० |
| जम्मा | | १,४९,२४,०००।०० | १,४९,२४,०००।०० |

**ख) श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रलयद्वारा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत जिल्लास्थित स्थानीय तहका महिला तथा बालबालिका शाखाको अनुगमन गर्ने प्रयोजनार्थ प्राप्त रकम तथा खर्च विवरणः-**

| क्र.सं. | खर्च शीर्षक | प्राप्त बजेट | २०८२ असार मसान्तसम्मको खर्च |
|---|---|---|---|
| १ | सामाजिक विकास कार्यक्रमको अनुगमन खर्च | १,००,०००।०० | १,००,०००।०० |
| जम्मा | | १,००,०००।०० | १,००,०००।०० |

**११. अन्य आन्तरिक आम्दानी विवरणः ००।-**